"आठबीस नगरको समुन्नतीको आधार शिक्षा, स्वास्थ्य,कृषि,पर्यटन र पुर्वाधार"

आठबीस नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

राकमकर्णाली दैलेख

कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः २०८२/०८३

चलानी नं. १९३

मितिः २०८२।०४।२१

श्री जो जस सँग सम्बन्ध राख्दछ ।

विषयः करार सम्झौताको म्याद थप तथा नवीकरण सम्बन्धी जानकारी ।

प्रस्तुत सम्बन्धमा विगत देखि आ. व. २०८१।०८२ को अन्तिम सम्म नगरपालिकासँगको करार सम्झौता अनुसार यस नगरपालिकामा कामकाज गर्दै आएका ज्यालादारी तथा करार सेवामा कार्यरत कर्मचारीहको हकमा कर्णाली प्रदेश स्थानीय सेवा गठन र सञ्चालन ऐन, २०८१ को दफा १४ को उपदफा (१) वमोजिम ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाईने र सोही ऐनको दफा १४ को उपदफा (२) मा उपदफा (१) विपरित कुनै कर्मचारी नियुक्ति गरी तलब, भत्ता र अन्य सुविधा वापतको रकम नियुक्ति गर्ने पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिने, कर्णाली प्रदेश स्थानीय सेवा गठन र सञ्चालन नियमावली, २०८१ को नियम ११(१) वमोजिम पद नभई वा पद सृजना नभई कर्मचारी नियुक्ति गर्न हुँदैन भन्ने व्यवस्था रहेको र सोही नियम ११ को उपनियम(२) मा भएको कानुनी व्यवस्था अनुसार नियम ११(१) विपरित तलब खुवाएमा तलव खुवाउने पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिने कानूनी प्रावधान रहेकाले उल्लेखित ऐनको दफा ९ को उपदफा (१२) र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३(८) बमोजिमका पद र आगामी आ. व. मा तलब भत्ता लगायतका सुविधा भुक्तानीका लागि शसर्त अनुदान तर्फ संघीय सरकारबाट सशर्त बजेट व्यवस्था भएका, नगरपालिकाबाट लागत साझेदारीमा तलब भत्ता भुक्तानी हुने जनशक्ति र पद तथा स्वास्थ्य सेवा जस्तो अत्याबश्यक सेवा क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मी र जिल्ला समन्वय समितिबाट कामकाजमा खटिई आएका बाहेक नगरपालिकाको कार्यालय र अन्तर्गत हालसम्म कार्यरत अस्थायी, करार र ज्यालादारी तर्फका कर्मचारीहरुको करार सेवा सम्झौताको म्याद अर्को कुनै कानुनी व्यवस्था वा आदेश नभएसम्म मिति २०८२ श्रावण १ गतेदेखि थप गर्न नसकिने व्यहोरा सरोकारवाला सबैमा जानकारी गराउँदै उल्लेखित कर्मचारीहरुले उक्त मितिबाट हाजिर गरे/गराएको पाईएमा नगरपालिका जवाफदेही नहुने र तलब भत्ता लगायतका सेवा सुविधा भुक्तानी गर्न नसकिने स्पष्ट गरिएको व्यहोरा समेत सम्बन्धित सबैमा सूचित गरिन्छ ।

(बिनोद कुमार माझी)
प्रमुख प्रशासकीय अधिकृत

बिनोद कुमार माझी
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत ।

श्रीमान नगर प्रमुख ज्यू, आठबीस नगरपालिका राकमकर्णाली, दैलेख ।

श्रीमान नगर उप-प्रमुख ज्यू, आठबीस नगरपालिका राकमकर्णाली, दैलेख ।

श्री आर्थिक प्रशासन शाखा, आठबीस नगरपालिका राकमकर्णाली, दैलेख ।

श्री प्रशासन शाखा, आठबीस नगरपालिका राकमकर्णाली, दैलेख ।



CamScanner